आज मिति २०७५ माघ २८ गते सोमबारका दिन बिहानको ठिक  ८:३० बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरीयो …………………

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय कुमार राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशलाल गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहाकुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सदस्य | श्री अमृतादेवी बोगटी | ९८१५०९३९०४ | |
| १६ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**<u>बैठकमा छलफलका लागि पेश भएका प्रस्तावहरुः</u>**

१. समिक्षा सम्बन्धमा ।
२. WE -3 को अवधारणा तथा सो को कार्यन्वयन सम्बन्धमा ।
३. सिंगीमाडी बनियानी सडक खण्डको बिनियोजित बजेट रकम स्थान्तरण सम्बन्धमा ।
४. तराई मधेश समृद्धि कार्यक्रम सम्बन्धमा ।
५. तेस्रो गाउँ सभाको मिति र समय निर्धारण सम्बन्धमा ।

**<u>निर्णयहरु :-</u>**

१. प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरणका लागि केहि लाभग्राहिहरुले तोकिएको बैंकमा खाता खोलिसकेको र खाता खोल्न बाँकि रहेको लाभग्राहिहरुलाई वडा कार्यालयको सक्रियतामा चाडै बैकमा खाता खोल्न पठाउने, केहि वडामा हालसम्म पनि टोल विकास संस्था गठन नभएको हुनाले सो को गठन शिघ्र गर्ने र केहि योजनाहरुको हालसम्म पनि उपभोक्ता समिति गठन नभएको हुनाले उक्त योजनाहरुको उपभोक्ता समिति तुरुन्तै गठन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा कचनकवल गा.पा., हल्दिबारी गा.पा. र बाह्रदशी गा.पा. को मिति २०७५ पौष २६ गतेका दिन अध्यक्ष स्तरिय बैठकबाट तीनवटै स्थानीय तहको सर्वाङ्गीण विकास गर्ने प्रयोजनार्थ यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनको परिचालन र व्यवस्थापनका लागि साझा अवधारणा तय गर्न हल्दीबारी, बाह्रदशी र कचनकवल तीनवटै गाउँपालिका रहने गरी We -3 टिम गठन गर्न सैद्धान्तिक सहमती कायम गरी सोको अवधारणा सहितको निर्णय गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । यसै गरी सो अवधारणा अनुमोदन पश्चात आगामी कार्यदिशा तय गर्न, आगामी दिनमा व्यापकता तथा निरन्तरता प्रदान गर्न गराउन तीन वटै गाउँपालिकाको प्रतिनिधित्व रहने गरी अवधारणा पत्रको मसौदा तयार गर्न यस गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी सुम्पने निर्णय समेत गरियो ।

३. प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा सिंगिमाडी- बनियानी सडक निर्माणका लागि विनियोजन भएको रकम रु. ८५,००,०००।- (पचासी लाख मात्र) लाई बनियानी मेन रोड- वडा बस्ती- नयाँ बजार सडक निर्माणका लागि बजेट स्थान्तरण गर्ने निर्णय गरी गाउँ सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत यस गा.पा. लाई प्राप्त भएको रु. १,००,००,०००।- (एक करोड मात्र) र यस गा.पा. को लागत जनसहभागिता रु. १०,००,०००।- गरि जम्मा रु. १,१०,००,०००।- (एक करोड दश लाख मात्र) मध्ये बनियानी बजारको व्यवसायिक भवन निर्माणका लागि यस आ.व.मा रु. २५,००,०००।- (पच्चिस लाख मात्र) विनियोजन गरी क्रमागत रुपमा रकम विनियोजन गर्ने र बाँकि रु. ८५,००,०००।- (पचासी लाख मात्र) सिंगीमाडी बनियानी सडक खण्डमा कालोपत्रे गर्नका लागि विनियोजन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको तेस्रो गाउँ सभा मिति २०७५ फाल्गुण १५ गते बुधबारका दिन राख्ने निर्णय गरियो ।